**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले भारत अनि अल्जीरिया बीच गहिरो आर्थिक सहयोगको लागि आह्वान गर्नुभएको छ।

२. प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान नयाँ दिल्लीको भारत मण्डपममा **अंतरराष्ट्रीय दूरसंचार संघ-आईटीयू** को **विश्व दूरसंचार मानक सम्मेलन-डब्ल्यूटीएसए-2024** अनि **इंडिया मोबाइल कांग्रेस** को 8 ओ संस्करणको उद्घाटन गर्नुहुनेछ।

३. भारतले कनाडाका कार्यवाहक उच्चायुक्त स्टीवर्ट रॉस व्हीलर सहित 6 राजनयिकहरुलाई निष्कासित गरेको छ

४. भारत अनि कोलंबिया बीच ऑडियोविज़ुअल सह-निर्माण समझौता माथि आज नयाँ दिल्लीमा हस्ताक्षर गरिनेछ।

५. नासा ले यूरोपा क्लिपर लॉन्च गरेको छ , यो कुनै पनि ग्रह मिशनको लागि बनाईएको अहिले सम्मको सबैभन्दा ठुलो अंतरिक्ष यान हो।

**राष्ट्रपति-यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मुले भारत अनि अल्जीरिया बीच गहिरो आर्थिक सहयोगको लागि आह्वान गर्नुभएको छ। अल्जीरियाको राजधानी अल्जीयर्समा अल्जीरिया-भारत आर्थिक मंचलाई संबोधित गर्नुहुदै उहाले यसो भन्नुभएको हो। राष्ट्रपतिले द्विपक्षीय साझेदारीलाई अझ बलियो बनाउने तथा सहयोगको एउटा नयाँ युगको दिशामा नयाँ गति प्रदान गर्ने आवश्यकता माथि जोर दिनुभयो। राष्ट्रपति मुर्मु आफ्नो तीन देशहरु अल्जीरिया, मॉरिटानिया अनि मलावीको यात्रा अंतर्गत अल्जीयर्समा हुनुहुन्छ।

तीन देशहरुको यात्राको दोश्रो चरणमा राष्ट्रपति द्रौपदी मुर्मु आज मॉरिटानियाको लागि प्रस्थान हुनुहुनेछ। अंतिम चरणमा उहाँ 17 देखि 19 अक्टूबर सम्म मलावीको भ्रमण गर्नुहुनेछ। यी देशहरुको यात्राको अवधि , राष्ट्रपतिको शीर्ष नेतृत्वहरुसित द्विपक्षीय बैठकहरु गर्ने अनि प्रमुख व्यापार तथा उद्योग जगतका नेताहरु साथै भारतीय प्रवासिहरुसित बातचीत गर्ने पनि कार्यक्रम रहेको छ। राष्ट्रपतिको तीन देशहरुको यात्राको उद्देश्य अफ्रीकाका देशहरुसित भारतको सम्बन्धहरुलाई अझ अधिक विस्तारित तथा द्रिड बनाउनु रहेको छ।

****** ० ******

**प्रधानमंत्री-आईटीयू**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान नयाँ दिल्लीको भारत मण्डपममा **अंतरराष्ट्रीय दूरसंचार संघ-आईटीयू** को **विश्व दूरसंचार मानक सम्मेलन-डब्ल्यूटीएसए-2024** अनि **इंडिया मोबाइल कांग्रेस** को 8 ओ संस्करणको उद्घाटन गर्नुहुनेछ।

विश्व दूरसंचार मानक सम्मेलन संयुक्त राष्ट्र डिजिटल प्रौद्योगिकी एजेंसीको अंतर्राष्ट्रीय दूरसंचार संघको मानक कार्यको शासी सम्मेलन हो। यसको आयोजन प्रत्येक चार बर्षहरुमा गरिन्छ। आईटीयूको इतिहासमा यो पहिलो पल्ट हुनेछ जब यो प्रतिष्ठित वैश्विक कार्यक्रम भारत अनि एशिया-प्रशांत क्षेत्रमा भैरहेको छ। यो एउटा महत्वपूर्ण वैश्विक कार्यक्रम हो जसले दूरसंचार, डिजिटल अनि आईसीटी क्षेत्रहरुको प्रतिनिधित्व गर्ने 190 भन्दा अधिक देशहरुका तीन हजार भन्दा अधिक उद्योगपतिहरु, नीति निर्माताहरु अनि तकनीकी विशेषज्ञहरुलाई एकै साथ एउटा मंचमा लिएअ आउनेछ।डब्ल्यू.टी.एस.ए.-2024 6जी,आर्टिफिशियल इंटेलिजेंस, आई.ओ.टी., बिग डाटा अनि साइबर सुरक्षा जस्ता अघिल्लो पीढ़ीको महत्वपूर्ण प्रौद्योगिकिहरुको मानक भविष्य माथि निर्णय लिने अनि चर्चा गर्ने बिषयमाथि प्रतिभागी देशो कोदेशहरुलाई यसले एउटा मंच प्रदान गर्नेछ। भारतमा यस कार्यक्रमको आयोजनले प्रतिभागी देशहरुलाई वैश्विक दूरसंचार एजेंडालाई आकार दिनमा एक महत्वपूर्ण भूमिका निभाउने अवसर प्रदान गर्नेछ अनि भविष्यको प्रौद्योगिकिहरुका लागि दिशा पनि निर्धारित गर्नेछ। इंडिया मोबाइल कांग्रेस एशियाकै सबैभन्दा ठुलो डिजिटल प्रौद्योगिकी मंच

हो। यसले विश्वभरिमै प्रौद्योगिकी अनि दूरसंचार पारिस्थितिकी तंत्रमा नवाचार समाधान, सेवा तथा उद्योग, सरकार, शिक्षा, स्टार्टअप्स अनि अन्य मुख्य हितधारकहरुका लागि उन्नत सुपरिचित मंच बनाई सकेको छ। इंडिया मोबाइल कांग्रेस-2024 मा 120 देशहरुको सहभागिता रहनेछ। यसमा लगभग 900 स्टार्टअप्स तथा 400 प्रदर्शकहरुले आफ्नो प्रदर्शन गर्नेछ।

****** ० ******

**भारत-कनाडा राजनयिक**

भारतले कनाडाका कार्यवाहक उच्चायुक्त स्टीवर्ट रॉस व्हीलर सहित 6 राजनयिकहरुलाई निष्कासित गरेको छ। उप उच्चायुक्त पैट्रिक हेबर्ट, प्रथम सचिव मैरी कैथरीन जोली, इआन रॉस डेविड ट्राइट्स, एडम जेम्स चुइपका अनि पाउला ओर्जुएलालाई पनि निष्कासित गरिएको छ। यी राजनयिकहरुलाई 19 अक्टूबर वा त्येसभन्दा पहिला भारत छोड़न भनिएको छ। भारतले कनाडामा आफ्नो उच्चायुक्त अनि अन्य राजनयिकहरु साथै अधिकारिहरुलाई यसो भन्दै भारत बोलाएको छ कि उनीहरुको सुरक्षा सुनिश्चित गर्न वर्तमान कनाडाको सरकारको प्रतिबद्धता माथि बिश्वास छैन। यस्तै घटनाक्रममा कनाडाका प्रभारी उच्चायुक्तलाई हिज नयाँ दिल्लीमा विदेश मंत्रालयमा बोलिएको थियो। उहालाई बताईयो कि कनाडामा भारतीय उच्चायुक्त अनि अन्य राजनयिकहरु तथा अधिकारिहरुलाई आधारहीन निशाना बनाउनु अस्वीकार्य छ। उहालाई अझ बताईएको छ कि उग्रवाद अनि हिंसाको वातावरणमा वर्तमान टूडोको नेतृत्वमा रहेको कनाडा सरकारको कार्यहरुसित भारतीय राजनयिकहरु असुरक्षित छन्।

****** ० ******

**शाह-आईपीएस संवाद**

केंद्रीय गृह मंत्री अमित शाह आज नयाँ दिल्लीमा भारतीय पुलिस सेवा -आईपीएस का परिवीक्षाधीनहरुसित बातचीत गर्नुहुनेछ। यस अवधि परिवीक्षाधीन अधिकारीहरुले गृह मंत्री सित आफ्नो प्रशिक्षण अनुभव साझा गर्नेछन्। बैठकमा अधिकारिहरुलाई देशको आंतरिक सुरक्षासित सम्बन्धित चुनौतिहरुसित जुझ्नका लागि श्री शाहले मार्गदर्शन पनि गर्नुहुनेछ।

भारतीय पुलिस सेवा 2023 बैच मा 54 महिला अधिकारिहरु सहित कुल 188 अधिकारी प्रशिक्षुहरुले बेसिक कोर्स प्रशिक्षणको प्रथम चरण पूरा गरिसकेका छन्।

****** ० ******

**नासा - यूरोपा क्लिपर**

नासा ले यूरोपा क्लिपर लॉन्च गरेको छ , यो कुनै पनि ग्रह मिशनको लागि बनाईएको अहिले सम्मको सबैभन्दा ठुलो अंतरिक्ष यान हो। यस अंतरिक्ष यान को उद्देश्य यसबारे जांच गर्नु हो कि बृहस्पतिको -चंद्रमा यूरोपामा जीवनको लागि उपयुक्त परिस्थितिहरु छ वा छैन। जसमा हिउँको मोटो बाहिरी आवरण मुनि रहेको विशाल उपसतह महासागर माथि ध्यान केंद्रित गरिनेछ। रोबोटिक सौर ऊर्जा ले चल्ने यो जांच यानले 5 बर्ष अनि 6 महीनामा लगभग 2.9 बिलियन किलोमीटरको यात्रा गरेपछि बर्ष 2030 मा बृहस्पतिको कक्ष् मा प्रवेश गर्नेछ।

****** ० ******

**अनुसंधान राष्ट्रीय फाउंडेशन**

**अनुसंधान राष्ट्रीय अनुसंधान फाउंडेशन (एएनआरएफ)** ले आफ्नो पहिलो 2 वटा पहलहरुको अवधि प्रधानमंत्री प्रारंभिक कैरियर अनुसंधान अनुदान (पीएमईसीआरजी) अनि उच्च प्रभाव रहेको क्षेत्रहरुमा उन्नतिको लागि मिशन-इलेक्ट्रिक वाहन (एमएएचए-ईवी) मिशनको शुरुआतको घोषणा गरेको छ। **पी एमई सी आर जी** देशको परिवर्तनकारी यात्रामा सामेल हुने अनि भारतको वैज्ञानिक उत्कृष्टता तथा नवाचारको उन्नतिमा योगदान दिनको लागि प्रारंभिक कैरियर शोधकर्ताओंहरुलाई आमंत्रित गर्दछ। दोश्रो तर्फ , **एम ए एच ए-ईवी मिशन लाई इलेक्ट्रिक वाहन** (ईवी) घटकहरु, विशेष रूपले बैटरी सेल, पावर इलेक्ट्रॉनिक्स, मशीन औरअनि ड्राइव (पीईएमडी) तथा चार्जिंग इंफ्रास्ट्रक्चरको लागि एउटा ठोस अनुसंधान अनि विकास पारिस्थितिकी तंत्र बनाउनको लागि डिज़ाइन गरिएको हो।

****** ० ******